प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

**डिप्लोमा तहको नियमित/आंशिक सेमेष्टर र डेन्टल कन्भर्जन कोर्षको स्थगित परीक्षा संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मितिः २०७७।०७।०६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति **२०७६।१०।१९** गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम परीक्षा आवेदन फाराम भरेका परीक्षार्थीहरुको सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत **डिप्लोमा इन इन्जिनियरिङ्ग तर्फ सिभिल, आर्किटेक्चर, रेफ्रिजेरेटर एण्ड एसी. मेकानिकल, इलेक्ट्रिकल, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, अटोमोबाइल, इलेक्ट्रोनिक्स, जियोमेटिक्स, कम्प्यूटर, हाइड्रोपावर, फुड एण्ड डेरी टेक्नोलोजी, इन्फर्मेशन टेक्नोलोजी, होटल मेनेजमेन्ट, सोसल वर्क र इन्टरप्रेनरसिप डेभलपमेन्ट** कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड, दोश्रो बर्ष प्रथम खण्ड, तेश्रो बर्ष प्रथम खण्डको र मिति २०७६।०९।१३ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम **डेन्टल कन्भर्जन कार्यक्रमको** मिति **२०७६।१२।०६** गते देखि स्थगित भएका नियमित/आंशिक परीक्षाहरु **पूर्वनिर्धारित परीक्षा केन्द्रहरुमा** नै नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले तोकेको स्वास्थ्य सूरक्षा सम्बन्धी मापदण्डहरुको पालना गर्दै २०७७ साल मंसिर ०८ गते दिउंसो २:०० बजे देखि संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः**

१. शिक्षण संस्थामा क्वारेन्टाइन वा आइसोलेसन केन्द्र रहेको वा अन्य कुनै कारणले परीक्षा केन्द्र परिवर्तन गर्न पर्ने भएमा परीक्षा सुरु हुने मिति भन्दा १ हप्ता अगाडी सार्वजनिक सूचना मार्फत जानकारी गराइने छ।

२. तोकिएको कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने र कुनै पनि कारणले परीक्षा छाड्ने परीक्षार्थीहरुका लागि पुनः अर्को व्यवस्था गरिने छैन। यदि कुनै परीक्षार्थी कोभिड-१९ को कारण कोभिडको नतिजा पोजेटिभ देखिएर होम आइसोलेसन वा संस्थागत आइसोलेसनमा बस्नु परेमा सो को प्रमाण पेश गरेपछि त्यस्ता परीक्षार्थीको लागि पछि छुट्टै परीक्षाको व्यवस्था गरिनेछ।

३. सैद्धान्तिक परीक्षा समाप्त भएपछि सम्बन्धित संस्थाहरुमा नै प्रयोगात्मक परीक्षा संचालन हुने भएकोले सम्वन्धित शिक्षण संस्थाले प्रयोगात्मक परीक्षाको परीक्षा तालिका तयार गरी सम्वन्धित प्रदेश कार्यालयबाट स्वीकृत गराई संचालन गर्नुपर्नेछ।

४. परीक्षा हलमा Log book /Psychometric chart निरीक्षकसंग अनुमति लिएर मात्र लैजान पाईने छ।

५. परिषद् प.नि.का. को पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन।

६. तोकिएको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनुपर्नेछ। परीक्षा केन्द्र परिवर्तन गर्न पाइने छैन।

७. यदि परीक्षा जुध्न वा छुट्न गएमा सूचना प्रकाशित भाएको मितिले ७ दिन भित्र परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क राख्नुपर्नेछ।

**विस्तृत परीक्षा तालीका सहितको सूचना CTEVT को website (www.ctevt.org.np) मा हेर्न हुन अनुरोध छ।**

**परीक्षा नियन्त्रक**